

# बजार अवलोकन १०

## माघ २०७५ †

**निम्न संस्थाहरुद्वारा संयुक्त रुपमा प्रकाशित :**

विश्व खाद्य कार्यक्रम– तथ्य, नीति तथा नविनता ईकाइ, नेपाल

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय – कृषि विभाग, बजार विकास, आर्थिक विश्लेषण र तथ्याङ्क शाखा

नेपाल उद्योग वाणिज्य महासंघ/कृषि उद्यम केन्द

उपभोक्ता हित संरक्षण मञ्च

WFP

FNCCI

## मुख्य बुँदाहरु

- ***२०७५ माघ महिनामा आन्तरिक उत्पादन र ग्रामिण बजारहरुमा पनि आपूर्तिमा सुधारको कारण प्रयाप्त उपलब्धता भएकोले नेपालभरका १५ मुख्य बजारहरुमा अनुगमन गरिएका प्राय खाद्य वस्तुहरुको खुद्रा मूल्यहरु न्यून रुपमा घटेको वा सापेक्षिक रुपमा स्थिर रहेको पाइयो ।***
- ***२०७५ माघ महिनामा समग्र स्फीतिदर ४.४ प्रतिशत रहयो भने खाद्य तथा पेय पदार्थको स्फीतिदर २.५ प्रतिशत रहयो तथापि केहि खाद्य वस्तुहरु को स्फीतिदर सापेक्षिक रुपमा उच्च रहयो: घीउ तथा खाने तेल (८%), दुध तथा दुध जन्य पदार्थहरु (७.७%) र मासु तथा माछा (६.८%) ।***

## मूल्य

२०७५ माघ महिनामा नेपालभरका १५ मुख्य बजारहरुमा अनुगमन गरिएका प्राय खाद्य बस्तुहरुको खुद्रा मूल्यले घट्दो प्रवृति देखाएको पाइयो **(चित्र १ मा हेर्नुहोस्)** :

- मासिक रुपमा मोटा चामल, मुसुरोको दाल, मासको दाल र रातो आलुको मूल्यहरु क्रमश: २.४, ५.३, १.७ र ११.६ प्रतिशतले घटेको पाइयो भने खाने तेलको मूल्य तुलनात्मक रुपमा स्थिर रहयो । गहुँको पिठो र कुखुराको मासुको खुद्रा मूल्य भने क्रमश: ५.८ र ४.६ प्रतिशतले बृद्धि भयो ।
- अघिल्लो तीन महिनाको तुलनामा प्राय खाद्य बस्तुहरुको मूल्यले घट्दो प्रवृति (trend) देखाए भने अपवादको रुपमा गहुँको पिठो र कुखुराको मासुको मूल्यले बढ्दो प्रवृत्ति देखाए । रातो आलुको मूल्य ३३ प्रतिशतको उच्च दरले न्यून रह्यो ।
- गतवर्ष सोही समयको तुलनामा मोटा चामल र गहुँको पिठोको मूल्य वाहेक प्राय जसो मूल्यहरुले घट्दो प्रवृति देखाए । मासको दालको मूल्य १४ प्रतिशतको उच्च दरले न्यून रहयो ।

हालको मूल्य प्रबृतिका प्रमुख कारणहरु खाद्य तथा गैह्र खाद्य बस्तुहरुको नियमित आपूर्तिको साथ साथै स्थिर यातायात सेवा संचालन र मौसमी उतार चढाव हुन ।

**चित्र नं. २** मा प्रस्तुत गरे अनुसार, क्षेत्रीय बजारहरुका खुद्रा मूल्यहरुले प्राय जसो राष्ट्रिय औसतको उस्तै प्रवृति देखाए । गत महिनाको तुलनामा, प्राय सबै बजारहरुमा मोटा चामल र मुसुरोको दालको मूल्यहरु, अपवाद स्वरुप गहुँको पिठोको मूल्यको बढ्दो प्रवृत्ति बाहेक, घट्दो प्रवृति रहयो । गत वर्ष सोही समयको तुलनामा प्रायजसो खाद्य बस्तुहरुको मूल्यहरु अपवाद स्वरुप हिमाली र पहाडी बजारहरुमा स्थीर रहेको बाहेक, घट्दो प्रवृति देखाए ।

कालीमाटी फलफुल तथा तरकारी बजारमा गत एक महिनामा अनुगमन गरिएका तरकारीको थोक मूल्यहरुले तुलनात्मक रुपमा उच्च मौसमी उतार चढाव देखाए **(तालिका १ मा हेर्नुहोस)**: मासिक रुपमा तितेकरेला र बन्दाको ५ प्रतिशत भन्दा बढीका दरले बृद्धि भयो भने बाली भित्र्याउने समय भएकोले पालुङ्गोको साग, काउली, रायोको साग, स्कुस, सिमी र सुकेको प्याजको मूल्य १५ प्रतिशत भन्दा बढीका दरले घट्यो ।

नेपाल राष्ट्र बैंकका अनुसार समग्र उपभोक्ता मूल्य सूचकाङ्क (CPI) २०७५ माघ महिनामा १२४.२ भयो जुन मासिक रुपमा ०.२ प्रतिशतले बृद्धि हो । CPI वार्षिक स्फीतिदर ४.४ प्रतिशतले बृद्धि भयो । खाद्य तथा पेय पदार्थको CPI ११६.९ मा कायम रहयो, जुन मासिक रुपमा ०.२ प्रतिशतले न्यून र वार्षिक रुपमा २.५ प्रतिशतको बृद्धि हो; अन्य केहि खाद्यबस्तुहरुको CPI ले वार्षिक रुपमा तुलानात्मक रुपले बढ्दो प्रबृति देखाए; घीउ तथा खाने तेल (८ %), दुध तथा दुध जन्य पदार्थहरु (७.७%), र मासु तथा माछा (६.८%) । गैह्र खाद्य बस्तु तथा सेवाहरु सम्बन्धि CPI १३०.३ भयो, जुन मासिक रुपमा ०.६ प्रतिशत र वार्षिक रुपमा ५.८ प्रतिशतको बृद्धि हो ।

## आपूर्ति

आन्तरिक उत्पादनबाट प्रयाप्त उपलब्धता र बिना अवरोध यातायात सेवा सन्चालनको परिणाम स्वरुप खाद्य तथा गैह्र खाद्य बस्तुहरुको नियमित रुपमा आयात भइरहेकोले देशभर आपूर्तिको हालसम्मको अवस्था राम्रो र स्थीर रहेको छ ।

## पूर्वानुमान

आउदो दुइ महिनासम्म कच्चि सडकले जोडिएका ग्रामिण क्षेत्रसम्म पनि बिना अबरोध यातायात सेवा संचालनको कारण देशभर नियमित रुपमा आपुर्ति भइरहेकाले प्राय खाद्यबस्तुहरुको मूल्य स्थिर रहने अनुमान गरिएको छ ।

अनुकुल मौसमको कारणले यस बर्ष हिउदे बाली मूख्यरुपमा गहुँको अवस्था उत्पादन गत बर्ष भन्दा राम्रो हुने देखिन्छ । यसले नेपालमा गहुँको उत्पादन बढाउन सहयोग गर्ने छ ।

**तालिका १: मासिक रुपमा मुख्य वस्तुहरुको मूल्यमा भएको अत्याधिक परिवर्तन**

| वस्तुहरु | मूल्य ने रु/ केजि, लि | १ महिनाको परिवर्तन ( %) | अवलोकन |
|---|---|---|---|
| तितेकरेला र बन्दा | विभिन्न | > ५ | कृषि उत्पादन रिक्त हुने समय भएको हुनाले आपूर्तिमा कमि आएको । |
| पालुङ्गोको साग, काउली,रायो को साग, स्कुस, सिमी र सुकेको प्याज | विभिन्न | > -१५ | बाली भित्र्याउने समय भएको हुनाले आपूर्तिमा बृद्धि । |

**चित्र १: १२ महिनाको औसत खुँद्रा मूल्य ***

ने रु. प्रति किलो/लि




**चित्र २: मूल्य परिवर्तन प्रतिशतमा ** (१ महिना र १ वर्ष)**




Nepal Food Security Monitoring System (NeKSAP) website: http://www.neksap.org.np

† मूल्यहरु २०७५ माघ महिनाको बजार मूल्यसँग सम्बन्धित छन् ।

* मूल्यहरु यस प्रतिवेदनको पछाडी पट्टी दिइएको बजारहरुबाट लिइएको हो । तर *सडक नपुगेका हिमाली तथा पहाडी बजारहरु* यसमा समावेश छैनन् ।

** मूल्य परिवर्तन यस प्रतिवेदनमा भएका सम्पूर्ण बजारहरुसंग सम्बन्धित छन् ।



नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली
Nepal Khadhya Surakshya Anugaman Pranali (NeKSAP)
Nepal Food Security Monitoring System

## मुख्य खाद्य बस्तुहरुको खुद्रा मूल्य- माघ २०७५

| बजार | मुख्य खाद्य बस्तुहरु | हालको मूल्य (नेरु /केजि नेरु /लि) | मूल्यमा परिवर्तन (%) * १ महिना | ३ महिना | १ वर्ष | औसत परिवर्तन १म | ३ म | १ वर्ष |
|---|---|---|---|---|---|---|---|---|
| **मुख्य उपभोक्ता बजार** | | | | | | | | |
| काठमाडौं | मोटा चामल | ४७.० | -१४.५ | -१४.५ | - | ▼ | ▼ | - |
| | गहुँको पिठो | ४८.० | ०.० | ०.० | - | ▶ | ▶ | - |
| | भटमासको तेल | १६०.० | -३.० | ०.० | - | ▶ | ▶ | - |
| | कुखुराको मासु | ३५०.० | ६.१ | ९.४ | - | ▲ | ▶ | - |
| | मुसुरो | ९२.० | -२०.० | -१९.३ | - | ▼ | ▼ | - |
| | आलु | ३०.० | -३३.३ | -५०.० | - | ▼ | ▼ | - |
| पोखरा | मोटा चामल | ५५.० | ७.८ | ०.० | १.९ | ▲ | ▶ | ▶ |
| | गहुँको पिठो | ५५.० | १०.० | १०.० | १४.६ | ▲ | ▶ | ▶ |
| | भटमासको तेल | १३५.० | ०.० | ०.० | ३.८ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | ४१०.० | २४.२ | १७.१ | १७.१ | ▲ | ▲ | ▲ |
| | मुसुरो | १००.० | ५.३ | ५.३ | -४४.४ | ▲ | ▶ | ▼ |
| | आलु | ४०.० | -११.१ | -११.१ | -११.१ | ▼ | ▼ | ▶ |
| सुर्खेत | मोटा चामल | ५०.० | ०.० | ०.० | - | ▶ | ▶ | - |
| | गहुँको पिठो | ५०.० | ८.७ | ११.१ | - | ▲ | ▲ | - |
| | भटमासको तेल | १६०.० | ६.७ | ६.७ | - | ▲ | ▶ | - |
| | कुखुराको मासु | ३५०.० | २.९ | ०.० | - | ▶ | ▶ | - |
| | मुसुरो | १३०.० | -७.१ | ८.३ | - | ▼ | ▶ | - |
| | आलु | ३०.० | ०.० | -५०.० | - | ▶ | ▼ | - |
| **क्षेत्रीय तराई बजार** | | | | | | | | |
| बिराटनगर | मोटा चामल | ३८.० | ०.० | -५.० | ८.६ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ५०.० | ११.१ | ११.१ | ११.१ | ▲ | ▲ | ▶ |
| | भटमासको तेल | १३५.० | ०.० | ०.० | ८.० | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | ३००.० | -६.३ | ३.४ | ०.० | ▼ | ▶ | ▶ |
| | मुसुरो | ९५.० | -१३.६ | -१३.६ | ०.० | ▼ | ▼ | ▶ |
| | आलु | २०.० | ०.० | -६९.२ | -३३.३ | ▶ | ▼ | ▼ |
| जनकपुर | मोटा चामल | ४२.० | ०.० | -६.७ | -६.७ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ५५.० | २२.२ | १०.० | २२.२ | ▲ | ▶ | ▲ |
| | भटमासको तेल | १४०.० | -६.७ | ३.७ | ०.० | ▼ | ▶ | ▶ |
| | कुखुराको मासु | ३००.० | -६.३ | ०.० | ०.० | ▼ | ▶ | ▶ |
| | मुसुरो | ११०.० | -८.३ | -१२.० | -१५.४ | ▼ | ▼ | ▼ |
| | आलु | २५.० | ०.० | -३७.५ | २५.० | ▶ | ▼ | ▲ |
| बिरगंज | मोटा चामल | ४०.० | -११.१ | -११.१ | -११.१ | ▼ | ▼ | ▶ |
| | गहुँको पिठो | ४५.० | ०.० | २.३ | -१०.० | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १३५.० | -१०.० | -१०.० | -१०.० | ▼ | ▶ | ▶ |
| | कुखुराको मासु | ३२०.० | ६.७ | ६.७ | ३३.३ | ▲ | ▶ | ▲ |
| | मुसुरो | ९०.० | ०.० | ०.० | -३०.८ | ▶ | ▶ | ▼ |
| | आलु | २०.० | -५०.० | -६०.० | -४२.९ | ▼ | ▼ | ▼ |
| धनगढी | मोटा चामल | ३८.० | ०.० | ०.० | -५.० | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ३४.० | ०.० | ०.० | -२.९ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १४०.० | ०.० | ०.० | ७.७ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | ३००.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | मुसुरो | १००.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | आलु | ३०.० | ०.० | ०.० | २०.० | ▶ | ▶ | ▲ |
| नेपालगंज | मोटा चामल | ४०.० | ०.० | -१३.० | - | ▶ | ▼ | - |
| | गहुँको पिठो | ४८.० | २.१ | १४.३ | - | ▶ | ▲ | - |
| | भटमासको तेल | १४०.० | ०.० | ०.० | - | ▶ | ▶ | - |
| | कुखुराको मासु | ३००.० | ०.० | ०.० | - | ▶ | ▶ | - |
| | मुसुरो | ९८.० | -२.० | -६.७ | - | ▶ | ▶ | - |
| | आलु | २०.० | -२०.० | -५५.६ | - | ▼ | ▼ | - |

| बजार | मुख्य खाद्य बस्तुहरु | हालको मूल्य (नेरु/केजि नेरु/लि) | मूल्यमा परिवर्तन (%) * १ महिना | ३ महिना | १ वर्ष | औसत परिवर्तन १म | ३ म | १वर्ष |
|---|---|---|---|---|---|---|---|---|
| भैरहवा | मोटा चामल | ३७.० | -२.६ | - | - | ▶ | - | - |
| | गहुँको पिठो | ४४.० | ४.८ | १०.० | - | ▶ | ▶ | - |
| | भटमासको तेल | १३७.० | ३.० | १.५ | - | ▶ | ▶ | - |
| | कुखुराको मासु | ३१५.० | -१.६ | ८.६ | - | ▶ | ▶ | - |
| | मुसुरो | ७५.० | -२.६ | -७.४ | - | ▶ | ▶ | - |
| | आलु | ३०.० | -२५.० | -२५.० | - | ▼ | ▼ | - |
| **सडक पहुँच भएका हिमाली तथा पहाडी बजारहरु** | | | | | | | | |
| मकवानपुर | मोटा चामल | ४५.० | -१०.० | -१०.० | - | ▼ | ▶ | - |
| | गहुँको पिठो | ४३.० | -२.३ | -२.३ | - | ▶ | ▶ | - |
| | भटमासको तेल | १६०.० | ०.० | ०.० | - | ▶ | ▶ | - |
| | कुखुराको मासु | ३४०.० | ३.० | १३.३ | - | ▶ | ▲ | - |
| | मुसुरो | ८५.० | -१०.५ | -२२.७ | - | ▼ | ▼ | - |
| | आलु | २०.० | -५०.० | -५०.० | - | ▼ | ▼ | - |
| धनकुटा | मोटा चामल | ४०.० | ०.० | ०.० | - | ▶ | ▶ | - |
| | गहुँको पिठो | ५५.० | १०.० | २२.२ | - | ▲ | ▲ | - |
| | भटमासको तेल | १४०.० | ०.० | ०.० | - | ▶ | ▶ | - |
| | कुखुराको मासु | ३१०.० | ०.० | ३.३ | - | ▶ | ▶ | - |
| | मुसुरो | १००.० | -४.८ | ०.० | - | ▶ | ▶ | - |
| | आलु | २०.० | -२०.० | -६३.६ | - | ▼ | ▼ | - |
| रोल्पा | मोटा चामल | ४५.० | ४.७ | ०.० | - | ▶ | ▶ | - |
| | गहुँको पिठो | ५४.० | ३.८ | २०.० | - | ▶ | ▲ | - |
| | भटमासको तेल | १५०.० | ०.० | ०.० | - | ▶ | ▶ | - |
| | कुखुराको मासु | ३४०.० | १.५ | -२.९ | - | ▶ | ▶ | - |
| | मुसुरो | १२०.० | ०.० | २०.० | - | ▶ | ▲ | - |
| | आलु | ५०.० | २५.० | ०.० | - | ▲ | ▶ | - |
| सांफेबगर | मोटा चामल | ३९.० | ०.० | २.६ | १८.२ | ▶ | ▶ | ▲ |
| | गहुँको पिठो | ४५.० | ०.० | ०.० | ७.१ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १६५.० | ३.१ | ३.१ | -२.९ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | ४००.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | मुसुरो | १७०.० | ३.० | ३.० | १३.३ | ▶ | ▶ | ▶ |
| | आलु | ४०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| जुम्ला | मोटा चामल | ५०.० | -९.१ | -९.१ | -९.१ | ▼ | ▶ | ▶ |
| | गहुँको पिठो | ५५.० | ०.० | ०.० | -८.३ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १६०.० | ०.० | -११.१ | -११.१ | ▶ | ▼ | ▶ |
| | कुखुराको मासु | ४४०.० | २.३ | -२.२ | -१२.० | ▶ | ▶ | ▶ |
| | मुसुरो | १२०.० | -२५.० | -२०.० | -३३.३ | ▼ | ▼ | ▼ |
| | आलु | ४०.० | १४.३ | -२०.० | ६०.० | ▲ | ▼ | ▲ |
| बाजुरा | मोटा चामल | ४०.० | ०.० | ०.० | १४.३ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ४६.० | ०.० | ०.० | ४.५ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १७०.० | ०.० | ०.० | -५.६ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | ४४०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | मुसुरो | १७५.० | २.९ | २.९ | ९.४ | ▶ | ▶ | ▶ |
| | आलु | ३५.० | ०.० | ०.० | -१२.५ | ▶ | ▶ | ▶ |
| **सडक पहुँच नभएका हिमाली बजारहरु** | | | | | | | | |
| डोल्पा | मोटा चामल | ८०.० | ०.० | -४०.७ | -४४.८ | ▶ | ▼ | ▼ |
| | गहुँको पिठो | १२०.० | २०.० | २०.० | ०.० | ▲ | ▲ | ▶ |
| | भटमासको तेल | २००.० | ५.३ | ८.१ | -९.१ | ▲ | ▶ | ▶ |
| | कुखुराको मासु | ५५०.० | ०.० | १०.० | १०.० | ▶ | ▶ | ▶ |
| | मुसुरो | २८०.० | ०.० | २७.३ | -६.७ | ▶ | ▲ | ▶ |
| | आलु | ४२.० | ५.० | २०.० | -७२.० | ▶ | ▲ | ▼ |
| हुम्ला | मोटा चामल | १००.० | २५.० | ३३.३ | -४१.२ | ▲ | ▲ | ▼ |
| | गहुँको पिठो | ९०.० | -५.३ | -५.३ | -३५.७ | ▼ | ▶ | ▼ |
| | भटमासको तेल | २६०.० | ४४.४ | ४४.४ | ८.३ | ▲ | ▲ | ▶ |
| | कुखुराको मासु | ५००.० | -१६.७ | ०.० | -९.१ | ▼ | ▶ | ▶ |
| | मुसुरो | २५०.० | २५.० | ३८.९ | ८.७ | ▲ | ▲ | ▶ |
| | आलु | ३०.० | -२५.० | -४०.० | -४५.५ | ▼ | ▼ | ▼ |

▲ सामान्य मूल्य परिवर्तन भन्दा मूल्य बढेको
▶ सामान्य मूल्य परिवर्तन
▼ सामान्य मूल्य परिवर्तन भन्दा मूल्य घटेको

* यदि मूल्य परिवर्तन १ महिनामा ५ % सम्म, ३ महिनामा १० % सम्म अथवा १ वर्षमा १५% सम्म भएमा त्यसलाई सामान्य मानिने छ ।

Nepal Food Security Monitoring System (NeKSAP) website: http://www.neksap.org.np

यो **बजार अवलोकन** विश्व खाद्य कार्यक्रम, तथ्य, नीति तथा नविनता ईकाइ, नेपालले कृषि विभाग, बजार बिकास,आर्थिक विश्लेषण तथा तथ्याङ्क शाखा, नेपाल उद्योग वाणिज्य महासंघ र उपभोक्ता हित संरक्षण मञ्चको संयुक्त सहकार्यमा नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली NeKSAP को एक अंशका रुपमा तयार पारेएको हो । नेपाल खाद्य सुरक्षा अनुगमन प्रणालीद्धारा प्रकाशित सम्पूर्ण सामग्रीहरु NeKSAP को विद्युतीय ठेगाना http://www.neksap.org.np मा हेर्न सकिनेछ । थप जानकारीका लागि पो. ब. १०७, टेलिफोन : ५२६०६०७ एक्सटेन्सन् नं.: २४४१ मा सम्पर्क राख्न सकिनेछ ।